☎ : ४४४०१०२, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :- ११४२

## प्रेश विज्ञप्ति

नेपाल स्वास्थ्य अनुसन्धान परिषदका पदाधिकारीहरुको नियुक्ति प्रकृया अनियमित रहेको, स्वास्थ्य सम्वन्धी अध्ययन तथा अनुसन्धान नै नगरेका व्यक्ति समेत नियुक्तिमा परेका भन्ने लगायतको उजुरी सम्वन्धमा यस आयोगबाट छानविन गर्दा नेपाल स्वास्थ्य अनुसन्धान परिषदमा तत्कालीन मन्त्रीस्तरको बिभिन्न मितिका निर्णयले परिषदको अध्यक्षमा डा.कृष्ण प्रसाद अधिकारीलाई, उपाध्यक्षमा डा. बुद्ध बस्न्यातलाई, सदस्यमा डा. सरिता पाण्डे, डा. प्रदिप ज्ञवाली, डा. हेम बहादुर लिम्बु, डा.सरिता श्रेष्ठ र डा. संजिव कुमार शर्मालाई तथा सदस्य-सचिव पदमा डा. खेम बहादुर कार्कीलाई नियुक्त गरेको देखियो।

उपरोक्त नियुक्तिहरुका सम्वन्धमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद ऐन, २०४७ को दफा ७(१)(क) र दफा ७(२) लाई हेर्दा दफा ७(१)(क) मा परिषद कार्य संचालनको निमित्त स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धानमा अनुभव प्राप्त आधुनिक चिकित्सा प्रणाली तथा आयुर्वेदिक चिकित्सा प्रणालीका चिकित्सकहरु मध्येबाट नेपाल सरकारद्वारा मनोनित ७(सात)जना व्यक्ति सदस्य रहने र नेपाल सरकारले तोकेको १(एक)जना व्यक्ति सदस्य-सचिव रहने व्यवस्था रहेको देखिन्छ। त्यसै गरी सोही दफाको उपदफा २ मा नेपाल सरकारले उपदफा (१) को खण्ड (क) बमोजिम मनोनित सदस्यहरु मध्येबाट १(एक)जना अध्यक्ष तथा १(एक)जना उपाध्यक्ष तोकिदिनेछ भनी उल्लेख भएको देखिन्छ।

यसरी नेपाल स्वास्थ्य अनुसन्धान परिषद ऐन, २०४७ को दफा ७(१)(क) र (च), दफा ७(२) बमोजिम उपरोक्त पदाधिकारीहरुको नियुक्ति नेपाल सरकारले गर्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था र कानुन व्याख्या सम्वन्धी ऐन, २०१० को दफा २(झ) को (च) मा नेपाल सरकार भन्नाले नेपालको कार्यकारिणी अधिकार प्रयोग गर्ने मन्त्रिपरिषदलाई सम्झनु पर्छ भन्ने व्यवस्था रहेको र सम्मानीत श्री सर्वोच्च अदालतमा निवेदक ब्लुमुन ओभरसिज नेपाल प्रा.लि.समेतको तर्फबाट धनेन्द्रराज श्रेष्ठ विरुद्ध मन्त्री, श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत भएको रिट नं. ०६७-WF-०००७ को रिट निवेदनमा सम्मानीत श्री सर्वोच्च अदालतको पूर्ण इजलासबाट नेपाल सरकारलाई भएको कुनै अधिकार मन्त्रिपरिषद बाहेकको अन्य निकाय वा पदाधिकारीबाट प्रयोग गर्न नपाईने भनी (ने.का.प. २०६८, नि.नं. ८६४४, पृष्ठ १११८) मा प्रतिपादित सिद्धान्त समेतको प्रतिकुल हुने गरी नेपाल सरकार(मन्त्रिपरिषद)मा माथि उल्लेखित पदाधिकारीहरुको नियुक्तिको विषयमा प्रस्ताव नै नपठाई नेपाल सरकार (मन्त्रिपरिषद)ले गर्नुपर्ने नियुक्ति तत्कालीन मन्त्रिबाट भएको देखिएको हुँदा उपरोक्त पदाधिकारीहरुको मनोनयनलाई कानुन सम्मत मान्न मिल्ने देखिएन। यस्तै प्रकारले नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिङ्ग परिषद, नेपाल स्वास्थ्य व्यवसायिक परिषद, नेपाल फार्मेसी परिषद, नेपाल आयुर्वेदिक चिकित्सा परिषद, लुम्बिनी विकास कोष, वी.पी.कोईराला मेमोरियल क्यान्सर अस्पताल लगायतमा पदाधिकारी मनोनयन गरेको

☎ : ४४४०१०२, ४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :-

सम्वन्धमा नेपाल सरकारबाट मनोनयन हुनुपर्नेमा सो भएको नदेखिएको। त्यसै गरी नेपाल सरकार (मन्त्रिषरिषद)बाट मनोनयन हुनुपर्ने भनी बाध्यात्मक व्यवस्था भएका परिषद, कोष, प्रतिष्ठान लगायत नेपाल सरकारका विभिन्न निकायमा पदाधिकारीहरु नियुक्ति गर्दा नेपाल सरकार(मन्त्रिपरिषद)बाट नियुक्ति नभई सम्वन्धित मन्त्रालयका मन्त्रिस्तरको निर्णयबाट मनोनयन एवं नियुक्ति भएको देखिएको। यसरी गैर कानुनी रुपमा नियुक्ति भएका उपरोक्त पदाधिकारीहरु र अन्य निकायहरु समेतका पदाधिकारीहरुका सम्वन्धमा नेपाल सरकार (मन्त्रिपरिषद)बाट निर्णय हुन र निजहरुको नियुक्ति पश्चात निजहरुलाई उपलव्ध गराईएको तलव, भत्ता लगायतका सम्पूर्ण सेवा सुविधा असुल उपर हुनुपर्ने हो/होईन? भन्ने सम्वन्धमा उपयुक्त निर्णय हुन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाउने साथै अव उप्रान्त उपरोक्त निकायहरुमा पदाधिकारी नियुक्त गर्दा नेपाल सरकार (मन्त्रिपरिषद) बाट निश्चित मापदण्ड तयार गरी मात्र नियुक्ति तथा मनोनयन हुने व्यवस्था गर्न गराउन सोही ऐनको सोही दफा बमोजिम प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाईएको व्यहोरा आयोगको मिति २०७३/०१/१५ को निर्णय अनुसार सम्बन्धित सवैको जानकारिको लागि यो प्रेश बिज्ञप्ति मार्फत जानकारी गराईन्छ ।

मिति २०७३।०१।१५ गते।

कृष्णहरी पुष्कर
प्रवक्ता एवं सह सचिव